# सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा कृषि उपज भण्डारण केन्द्र पुर्वाधार निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधी, २०७७

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" (प्रदेश मन्त्रीपरिषद, निर्णय मिती २०७६/०९/१३) को दफा ४ को उपदफा २ बमोजिम श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (मन्त्रिस्तरीय निर्णय) वाट तत्काल लागू हुने गरी यो मापदण्ड स्वीकृत गरिएको छ।

१. परिभाषाः

(क) "कृषि उपज भण्डारण केन्द्र" भन्नाले खाधान्न, दलहन, तेलहन आदी जस्ता खायन प्रयोजनका लागि उत्पादित वस्तुहरु भण्डारण गर्ने पुर्वाधार लाई जनाउंछ।

(ख) "कृषि उपज" भन्नाले खाधान्न, दलहन, तेलहन आदी जस्ता खायन प्रयोजनका लागि उत्पादित कृषि उपजहरुलाई जनाउंछ।

२. **उद्देश्यः** कृषि उपजको सुरक्षित भण्डारण गर्न पूर्वाधार निर्माण/स्तरोन्नती गराई प्रदेशमा गुणस्तरयुक्त खाधान्नको सहज र सुलभ उपलब्धता सुनिश्चिच गर्दै वजारीकरण तथा वितरण प्रणाली सुदृढिकरणमा टेवा पुर्याउनु ।

३. **सूचना प्रकाशन र सकलनः (१) कार्यालयले** कम्तिमा २१ दिन म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी तोकिएको ढाचामा आवेदन/प्रस्ताव माग गर्नु पर्नेछ। उक्त म्याद भित्र पर्याप्त आवेदन/प्रस्ताव पेश हुन नआएमा पुनः ७ दिनको म्याद थप गरि सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त थप म्याद भित्र जति सुकै संख्यामा आवेदन/प्रस्ताव पेश नभएपनि कार्यक्रम संचालन गर्न बाधा पुग्ने छैन।

(२) सूचनाको जानकारी स्थानिय तहलाई समेत गराउनु पर्नेछ।

(३) आवेदन संकलनको व्यवस्था स्थानिय तह मार्फत् समेत गराउन सकिनेछ ।

४. **अनुदानग्राहिको योग्यताः** (१) प्रचलित कानून बमोजिम विधिवत् दर्ता भएका कृषि उपज वजारीकरणमा संलग्न भइ, कृषि उपजको प्रशोधन तथा विक्रि वितरण कार्यमा कम्तीमा पनि ३ वर्षको अनुभव प्राप्त गरेको, कम्तीमा पछिल्लो २ आ. व. मा कृषकवाट उत्पादित कृषि उपजको खरिद तथा भण्डारण गर्ने गरेको सहकारी संस्था / कम्पनीले एकल वा संयुक्त रुपमा आवेदन गर्न सक्नेछन्। यस्ता आवेदकले विगत दुई वर्षको खरिद र विक्रि सम्बन्धी कारोवारको विवरण तथा लेखा परिक्षण प्रतिवेदन पेश गरेको हुनुपर्नेछ।

(२) कृषि उपज भण्डारण केन्द्र निर्माण गर्ने जग्गा प्रस्तावकको आफ्नै स्वामित्वको हुनु पर्नेछ। सो नभएमा कम्तिमा १५ बर्ष अवधिका लागि जग्गा आधिकारीक रुपमा भाडामा लिएको हुनु पर्नेछ ।

(३) कृषि उपज भण्डारण केन्द्र निर्माण गर्ने स्थान सम्म सडक र विद्युत को पहुँच भएको हुन पर्नेछ ।

५. **प्राबिधिक स्पेसिफिकेशन तथा लागत अनुमानः** भण्डार घरको डिजाइन/संरचना तथा प्राविधिक मापदण्ड निर्धारण गर्दा तौल तथा पैकिंग कार्यमा प्रयोग हुने मेसिनका समाग्रीहरु, भण्डारण तथा वितरण कक्ष लगायत अन्य आधारभूत क्रियाकलापको लागी सम्वन्धित प्राविधिकको प्रत्यक्ष सल्लाह तथा मार्गदर्शन अनुसार प्राबिधिक स्पेसिफिकेशनमा समावेश गर्नु पर्नेछ। भण्डार घरको निर्माण कार्यको लागत अनुमान सिभिल वा कृषि इन्जिनियर/ओभरसियरले तयार गर्नु पर्नेछ र सम्बन्धित कार्यालय प्रमुखले स्वीकृत गरी कार्यक्रम संचालन हुनेछ। लागत अनुमानमा अनुदानग्राहीले सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

६. **मूल्याङ्कन समितिः** (१) कार्यालयले प्राप्त प्रस्तावहरुको मूल्यांकन तथा छनौट गर्न प्रस्ताव खोल्नु पूर्वनै देहाय बमोजीमको एक मूल्याङ्कन समिती गठन गर्नेछ।

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

| | |
|---|---|
| कार्यालयले तोकेको अधिकृत | संयोजक |
| तालुक निकायले तोकेको अधिकृत | सदस्य |
| कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी | सदस्य सचिव |

कार्यालयले आवश्यकता अनुसार मूल्याङ्कन समितीमा दुई जना सम्म आमन्त्रीत सदस्य थप गर्न सक्नेछ।

(२) मूल्याङ्कन समितीले कृषि उपज भण्डारणको आवश्यकता तथा सम्भाव्यताको आधारमा प्रस्तावको अध्ययन र मुल्याङ्कन प्रकृया शुरु गर्नु अगाबै प्रस्ताव मूल्याङ्कनको आधारहरु निर्धारण गरी कार्यालय प्रमुखवाट स्वीकृत गराउनु पर्नेछ।

(३) मूल्याङ्कन समितीले प्राविधिक रुपले सक्षम तथा उपयुक्त ठहर भएका प्रस्तावकहरु मध्ये अनुदानग्राहीको सहभागीता वापत तोकीएको न्यूनतम रकममा सवभन्दा बढी लगानी सहभागीता गर्ने लाई छनौट गर्न सिफारिश गर्नेछ।

(४) मूल्याङ्कन समितीले गरेको सिफारिस कार्यालय प्रमुखवाट स्वीकृत भएपछी छनौट भएका अनुदानग्राहीहरुको नाम प्रकाशित गरिनेछ।

७. **सम्झौता:** (१) छनौट भएका अनुदानग्राहीले भण्डार निर्माणको लागी कार्यालयसँग सम्झौता गर्नु पर्नेछ।

(२) सम्वन्धित कार्यालयको प्रत्यक्ष निर्देशन तथा नियमनमा अनुदानग्राहीले यस कार्यक्रम अन्तरगत निर्मित कृषि उपज भण्डारण केन्द्रको संचालन गर्नु पर्ने तथा सरकारद्वारा निर्धारित न्यूनतम समर्थन मूल्यमा उपज खरीद एवं सार्वजनिक वितरण प्रणाली सम्वन्धि प्रयोजनका लागि समेत उपलब्ध गराउनु पर्ने जस्ता अन्य आधारभूत तथा नितीगत संचालन प्रक्रिया एवं शर्तहरुलाई समेत सम्झौता-पत्रमा उल्लेख गर्नु पर्नेछ।

८. **कार्य सम्पादन प्रतिवेदन:** सम्झौता बमोजिम सम्पन्न निर्माण कार्यको कार्य सम्पादन प्रतिवेदन तथा वार्षिक रुपमा भण्डारण सुविधाको प्रयोग सम्वन्धि प्रतिवेदन कार्यालयले लिनु पर्नेछ।

९. **स्पष्टीकरण:** यस कार्यमा कुनै किसिमको पेश्की दिइने छैन।

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

# सार्वजनिक, निजी तथा सहकारीको साझेदारीमा कृषि उपज भण्डारण केन्द्र पुर्वाधार निर्माण सम्बन्धी आयोजना प्रस्ताब फारम

## क. प्रस्तावकको विवरण

१. प्रस्ताव पेश गरेको कार्यालयः श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा।

२. प्रस्तावको नाम :
सम्पर्क टेलिफोन नं./मोवाईल नं.
ईमेल

३. प्रस्तावको किसिमः (√) चिन्ह लगाउने।
३.१. सहकारी संस्था
३.२. खाधान्न भण्डारण गर्ने फर्म/ कम्पनी

४. ठेगाना : जिल्ला गा पा/ना पा/उ ना पा/म ना पा वडा नं टोल

५. प्रस्तावक संस्थाको दर्ता प्रमाणपत्र नं
दर्ता भएको निकाय :
भ्याट/ पान दर्ता नं.
दर्ता मितिः

## ख. आयोजनाको विवरण

१. निर्देशनालय संग माग गरेको (साझेदारी वाहेको) रकमः ने. रु. (अक्षेरेपी रु. )

२. आयोजनाको उद्देश्य

३. संकलन केन्द्र पूर्वाधार निर्माण स्थलको विवरण
३.१. जिल्ला सदरमुकाम देखिको दुरी (कि.मि.)
३.२. जग्गाको स्वामित्वको किसिम, किता नं र ठेगानाः
३.३. नजिकको बजारको नाम र दुरी (कि.मि.)
३.४. संकलन केन्द्र पूर्वाधार निर्माण स्थलको जिपिएस कोडः अक्षांस देशान्तर
३.५. सडक सुबिधाको अवस्थाः
३.६. बिधुतिकरणको अवस्थाः
३.७. खानेपानीको अवस्थाः
३.८. सौचालयको अवस्थाः

६. यस भन्दा पहिले यस क्षेत्रमा संकलन केन्द्र पूर्वाधार निर्माणको लागि अनुदान प्राप्त भएको छ छैनः
अनुदान प्राप्त भएको छ भने सोको बिवरणः

| अनुदान प्राप्त गरेको बर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थाबाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

४. संकलन केन्द्रवाट अप्रत्यक्ष लाभान्बित हुने लक्षित समुदायको घरधुरी सख्या

| पुरुष | महिला | दलित | जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

५. संकलन केन्द्र पूर्वाधार निर्माण पश्चातका अपेक्षित उपलब्धीहरु (बुदांगत रुपमा सम्भब भए परिमाण समेत खुलाउने)

७. यस संकलन केन्द्र पूर्वाधार निर्माणको लागि यो प्रस्ताव पत्र साथ संलग्न लागत अनुमान अनुसार यस आयोजनाको कुल लागत रु. को प्रतिशतले हुन आंउने रु. अक्षेरेपी. बराबरका साझेदारी रकम हामी प्रस्तावकले बेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु । उक्त रकम देहायका श्रोतबाट प्राप्त हुनेछ।
क)
ख)

## ग. संलग्न कागजातहरुः (संलग्न भएका कागजातहरुको हकमा आवेदक ले (√)चिन्ह लगाउने)

मा. शैलेन्द्र प्रसाद साह
मन्त्री

| (✓)चिन्ह लगाउने | संलग्न कागजातहरु | कार्यालयले रुजु गर्ने प्रयोजनको लागि मात्र |
|---|---|---|
| | रु.१०।- को हुलाक टिकट टाँस गरेको प्रस्ताब पत्र। | |
| | दर्ता/ नविकरण गरेको प्रमाण पत्र को प्रतिलिपी | |
| | स्थायी लेखा नं. (पान) को प्रतिलिपी | |
| | संस्थाको हकमा पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी | |
| | लेखा परिक्षण प्रतिबेदन | |
| | कर चुक्ता प्रमाणित प्रतिलिपी | |
| | मूल्य अभिबृद्दि कर समायोजन प्रमाणित प्रतिलिपी | |
| | प्रस्तावित संकलन केन्द्रको सक्कल डिजाईन तथा लागत अनुमान | |
| | निर्माण स्थलको लालपूर्जाको प्रतिलिपी र सधियारहरुको स्वीकृतनामा | |
| | सार्वजनिक जग्गाको हकमा सो जग्गामा आवेदकलाई प्रस्तावित संकलन केन्द्र निर्माण गर्न दिने व्यहोरा खुलेको स्थानिय निकायको सिफारिश पत्र । | |
| | योजनाका लाभग्राहीहरुको आमभेलाले बजार संचालक समिति तथा आन्तरिक अनुगमन समिति गठन गरेको बैठक निर्णयको प्रतिलिपी | |
| | कृषक समूह/बजार संचालक समितिको बिधान | |
| | पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी | |
| | पदाधिकारीहरुको हाल साल खिचेको प्रष्ट फोटो, सम्पर्क नं. र तिन पुस्ते विवरण । | |
| | सम्बन्धित कृषि ज्ञान केन्द्र वा स्थानिय तहवाट प्रस्तावित स्थलमा कृषि उपज संकलन केन्द्र निर्माण गर्नुको अवश्यकता र औचित्य खुलेको सिफारिश पत्र । | |

यस कार्यक्रमको उद्देश्य संग हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन । हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुच, प्रभाव पार्न खोज्ने छैन। सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा हाम्रो पूर्ण मञ्जुरी रहेको छ। यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

आवेदकको सही :

आवेदकको नाम र पदः

ठेगानाः

फार्म संस्थाको छाप

रुजु गर्नेको सही :

रुजु गर्नेको नाम र पद :

**कार्यालयको नाम :**

## घ. राजमार्ग वाट परियोजना स्थल सम्म पुग्ने नक्सा